BAM

DANCE MOTION USA



photo: Rennie Harris Puremovement by US Embassy Tel Aviv

# ट्याप, ज्याज, हिप-हपको संक्षिप्त इतिहास

सुसन युङ्ग

2013

# DanceMotion USA℠ को बारेमा

यो निबन्ध विश्वव्यापी दर्शकका लागि अमेरिकी नाचमा जानकारी प्रदान गर्न DanceMotion USA℠ द्वारा उत्पादन गरिएको थियो । DanceMotion USA℠ प्रान्तको अमेरिकी विभागको शिक्षा तथा संस्कृति मामिलाको व्यूरोको कार्यक्रम हो, जुन पारस्परिक बुझाइलाई सहजीकरण गर्दै राम्रो कन्टेम्पोररी अमेरिकी नाच विदेशमा देखाउन बाम (ब्रुकलिन एकेडेमी अफ म्यूजिक) को उत्पादन हो । DanceMotion USA℠ ले अद्वितीय नागरिकहरू सृजना गर्न मुख्य सांस्कृतिक, सामाजिक सेवा र समुदायमा आधारित संस्थाहरू र शैक्षिक इन्स्टिच्यूसनहरूसँग युएस राजदूतावासको साझेदारी गर्न सहायता गर्छ, जसले अन्तरक्रिया र संलग्नतालाई अनुमति दिन्छ । व्यक्तिबाट व्यक्तिसँग अन्तरक्रियाको अतिरिक्त कार्यक्रम राजदूतावास र राजदूतावासको पुस्तकालयमा राखिएका शैक्षिक स्रोतहरू र सक्रिय सामाजिक र डिजिटल मिडिया योजनाबाट धेरै दर्शकसम्म पुगेको छ ।

**कृपया dancemotionusa.org मा हेर्नुहोस्**

# लेखकको बारेमा

सुसन यङ्ग

बाममा पब्लिकेसन व्यवस्थापक सुसन यङ्गले कार्यक्रमहरू, सम्पादकीय विषय र विभिन्न परियोजनाहरू उत्पादन गर्नुहुन्छ र सम्पादन गर्नुहुन्छ र BAM Blog मा सहायता गर्नुहुन्छ । उनी बामः द कम्प्लिट वर्क्स्मा सहसम्पादक हुनुहुन्थ्यो, संस्थाको १५० वर्ष मनाउँदै गरेको ठूलो पुस्तक र पिना बाउस्च र बिल टि. जोन्सको साथमा आइकोनिक कलाकारहरूमा भएका धेरै निबन्धहरूमा सहायता गर्नुभएको छ । नाच र दृश्य कलामा केन्द्रित भएकी अस्थायी लेखकको रूपमा तिनले Ephemeralist.com मा ब्लग लेख्नुहुन्छ र डान्स पत्रिका, डब्लुएनइटीज् सन्डे आर्टस् ब्लग, पोन्टे, भिलेज भोइस, ब्यालेट तान्ज (बर्लिन), ब्रुकलिन रेल र अन्य धेरैका साथमा विभिन्न पब्लिकेसनहरू र वेबसाइटहरूमा सहायता गर्नुभएको छ । युङ्गले आठ वर्ष बेसी अवार्ड समितिमा सेवा गर्नुभएको थियो र विभिन्न सांस्कृतिक उपहार र अवार्ड दिने संस्थाहरूका लागि निर्णायक हुनुभएकी छिन् ।

BAM

परिचय

अमेरिकी समकालीन नृत्य विभिन्न शैलीहरूमा विकसित भएको छ। एउटा भाषा अर्कोभन्दा भिन्न भएजस्तै प्रत्येक अद्वितीय छ, तर पनि रोमान्स भाषाहरूले ल्याटिनको मूल बाँडे, जस्तैः, यी शैलीहरू साझा मूलहरूको अंश हुन्। ट्याप, ज्याज र हिप-हपको शैली हरेक छुट्टै छन्, तर पनि तिनी सबैको सङ्गीतमा जोड छ, या त जोडिएको सङ्गीतलाई लयबद्ध ढङ्गले स्पष्ट गरेर वा ट्यापको सन्दर्भमा, कहिलेकाहीँ यथार्थमा सङ्गीत रचेर। यी तीन शैलीहरूले मनोरञ्जनमा पनि जोड दिन्छन् या त अझ परम्परागत समझले आमुन्ने-सामुन्ने आधारमा दर्शकहरूलाई व्यस्त गराएर वा अन्य नृत्यकारहरूसँग मञ्चमा प्रतियोगिता गरेर, सामान्यत: ट्याप र हिप-हपमा भएजस्तै। तापनि, सबै तीनले, अमेरिकाको उत्कृष्ट "मेलमिलाप" को भावनालाई उत्साहपूर्ण, अति व्याख्यात्मक, शारीरिक तथा अर्थपूर्ण नृत्य शैलीहरूमा प्रदर्शन गर्छ।

यी तीन शैलीहरू धेरैजसो अफ्रिकी वंशजको अमेरिकीहरूद्वारा स्थापित गरिएको थियो, ब्रिटिश टापूहरूबाट अलपत्र परेका सहित। तर हिप-हप नयाँ शैली हो, 1970 को दशकमा सुरुभएको हो भने ट्याप तुलनात्मक रूपमा पुरानो हो, अफ्रिकी-अमेरिकीहरूले नागरिक अधिकारको लागि धेरै लामो संघर्ष गरिरहँदा उनीहरूको बदलिँदो भूमिका सँग-सँगै विकास भएको हो र अन्तमा 20औं शताब्दीमा ज्याजमा विभाजित भयो।

ट्याप नृत्य (TAP DANCE)

अमेरिकामा 17 औं शताब्दीको मध्यकालको सुरुवातमा ट्याप डान्स आइरिस स्टेप नृत्य र इङ्गिलस क्लग नृत्यसहित दासहरूद्वारा गरिएको पश्चिमी अफ्रिकी नृत्यहरूबाट र ब्रिटिश टापूहरूको प्रभावहरूबाट विकसित भयो। दुवै भौगोलिक प्रभावहरूको गुण मिसियो– गतिशील र प्रवाहमा अफ्रिकी जोड तथा तरिका र कदममा ब्रिटिश जोडसहित। दुवैबाट विभिन्न प्रबल विशेषताहरू आजका विभिन्न ट्याप नृत्य पद्धतिहरूमा अहिले पनि भेट्टाउन सकिन्छ।

ट्यापको वृद्धिमा केही हदसम्म कलात्मक दमनलाई ठहराउन सकिन्छ। 1730 को दशकको दास विद्रोहले दासका गोरा मालिकहरूलाई ड्रमको प्रयोगमा प्रतिबन्ध लगाउने कारण बन्यो, जुन क्रान्ति आयोजनका लागि एक साधन हो भन्ने उनीहरूको विचार थियो। त्यसैले चातुर्य र पटुताले व्यक्तिहरूलाई आफ्नो शरीर र अझ विशेष आफ्नो खुट्टाद्वारा लयहरू बनाउन अग्रसर गरायो। पछि गएर 18 औं शताब्दीमा अस्थायी काठको फल्याकका "मञ्चहरू" मा सबैभन्दा जटिल चालहरू तथा आफ्नो सन्तुलन कायम राख्ने रोमाञ्चकारी नृत्यकारहरूलाई पुरस्कृत गर्दै जिग नृत्य प्रतियोगिताहरू आयोजन गरियो।

1800 को दशकको सुरुदेखि मध्यकालसम्म एकदमै लोकप्रिय मिन्स्ट्रेल (Minstrel) प्रदर्शनहरूले श्वेत जातिका प्रदर्शकहरूलाई कालोमुहारमा (र पछि गएर अफ्रिकी-सम्पदा) पेश गरे, काला जातिका व्यवहारको रुढिवादीहरूको मजाक उडाउँदै जबकि साथ-साथै अफ्रिकी संस्कृतिको तत्वहरूको प्रदर्शन गराए, जसले भौडविल (Vaudeville) मा लोकप्रियता पायो, जब मिन्स्ट्रेल्सी (Minstrelsy) को राजनीति पुरानो भयो। William Henry Lane "मास्टर जुबा" ले मिन्स्ट्रेल (Minstrel) प्रदर्शनहरूमा प्रदर्शन गरे, त्यो बेला गोराहरूमध्ये विरल एक कालो जातिको प्रदर्शक। मिन्स्ट्रेल्सी (Minstrelsy), जसले काला जातिहरूको संस्कृतिलाई एकैचोटि ठग्थ्यो र सम्मान दिन्थ्यो, औद्योगिक, पूँजीवादले सञ्चालित उत्तर तथा दक्षिणको उपनिवेश र दासत्वसहितको एक उथलपुथल राष्ट्रलाई झल्काउँथ्यो। 1880 को दशकमा लोकप्रिय भएको भौडविल (Vaudeville) ले गम्भीर एकालापदेखि लिएर कलाबाजीदेखि नृत्यसम्म विभिन्न प्रकारका प्रदर्शनहरू पेश गर्यो। थुप्रै सर्किट (circuit) हरू स्थापित गरिएको थियो, नाट्यघरहरूको सञ्जालहरूलाई जोड्दै, जहाँ प्रमाणित प्रदर्शनहरू संगठित ढङ्गले भ्रमण गर्न सक्थे।
1900 तिर नृत्य शैली क्लग, स्टेप, बक वा बक-र-विंग नृत्यको रूपमा चिनिन्थ्यो। यसलाई अनिवार्य रूपमा छुट्ट्याए पनि यसको लोकप्रियता बढ्दै गयो। नाट्यघरहरूले भ्रमण सञ्जालहरूको गठन गरे, जसले शैलीलाई फैलाउन उत्प्रेरक बन्यो। थिएटर औनर्स बुकिंग संघ (TOBA) नामक संगठनले काला जातिका भौडविल (Vaudeville) नाट्यघरहरू र कलाकारहरूलाई जोड्यो। ब्रोडवेको लोकप्रियता पनि झुल्किँदै थियो, तर त्यो भौडविल (Vaudeville) थियो, जसले ट्यापको अवस्थालाई सम्बर्द्धन गर्यो। सदा-बदल्ने क्षेत्रले अझ प्राविधिक सीप र महान् व्यक्तित्वलाई समायोजन गर्न विस्तार गर्थ्यो।

20औं शताब्दीको सबैभन्दा प्रसिद्ध कलाकारहरूमा Nicholas Brothers (ह्यारोल्ड र फयार्ड थोमस) संलग्न थिए, जसका साहसी कलाबाजीहरू– स्प्लिटहरूमा उफ्रँदा र ब्याण्डभन्दा माथिका प्लेटफर्महरू बीच हाम फाल्दा–अतालिने गराउँथ्यो। काला जातिहरूलाई एक्लै प्रदर्शन गर्न निषेध गर्ने नियमको परिणामस्वरूप केही आंशिक रूरूपमा नृत्यकारहरूका जोडीहरू उठ्न थाले। "Buck and Bubbles"–जन "बबल्स" सबलेट र फर्ड "बक" वासिङ्टन–ले सुहाउने टक्सिडो तथा सहायक पियानोसहित आफूहरूलाई विशिष्ट बनाए र हार्लेमको हुफर्स क्लबको सधैँ आउने आगन्तुक थिए, जहाँ अनौपचारिक तर प्रतियोगितात्मक नृत्य-प्रदर्शनहरू हुन्थ्यो। Bill "Bojangles" Robinson ले एक आरामदायी, खरो चमकलाई उदाहरणले स्पष्ट गर्नुभयो, उहाँको स्टेयरकेस नृत्य उहाँको बेजोड चिन्ह बन्यो।

1930 को दशकमा भौडविल(Vaudeville) खस्कँदै थियो, तर ब्रोडवे र चलचित्रहरूले लोकप्रियता हासिल गर्दै थिए। यसको अर्थ बसबाइ बर्कली(Busby Berkeley) को चाहनाअनुसार बनाइएको भव्य, आकर्षक उत्पादित संख्याहरू दर्शकहरूद्वारा उत्सुकतासाथ प्राप्त गरेको स्वाद बन्यो, तर सार्वजनिक आँखाबाट अझ घनिष्ट तात्कलिक प्रदर्शनहरू हट्यो। त्यो जमानामा निस्केका

BAM

प्रदर्शकहरू शैलीको आदर्श रहेका छन्–Ann Miller, Ray Bolger, Donald O'Connor, Gene Kelly, र सबैभन्दा अमिट रूपमा Fred Astaire र उहाँको नियमित साथी Ginger Rogers.

केली र अस्टेयरले ट्यापको दुई एकदमै फरक, सशक्त रूपहरूको प्रतिनिधित्व गर्नुभयो। केलीले चिपिक्क चप्कने आकर्षक कपडाहरू लगाउनुहुन्थ्यो र ट्यापलाई ज्याजको बढ्दो रूपसँग सम्मिश्रण गर्नुभयो, शरीरबाट टाढा लगिएको त्यसको गहन प्लाई (plié) हरू तथा झुकेको हातहरूसहित। टेक्नीकलर महाकाव्यमा देखिए अनुसार उहाँले आफूलाई विश्वस्त वृत्तिसँग लैजानुभयो, जसले US लाई आदर्श रूप बनाएको देखिन्थ्यो, *An American in Paris* ब्रोडवे तथा चलचित्रमा केलीको चालहरूमा भेटिने ज्याजी ध्वनिहरू प्रभावकारी हुन सुरु गर्थ्यो। अर्कोतिर, Astaire सबै सौन्दर्य र शोभा थियो। धेरैजसो शीर्ष टोपी वा छडीसँग टक्सिडो लगाएको, उहाँ ठूलो पर्दाको मुख्य अभिनेता हुनुहुन्थ्यो, जो सजिलैसँग कालो-सेतोबाट रंगीनमा प्रकट हुनुभयो। जिन्जर रोजर्स उहाँको नियमित साथी हुनुहुन्थ्यो, उहाँहरू प्रेमकथा, हास्य, अमेरिकी आशावादिता र नृत्य कौशलको प्रतिक हुनुभयो।

20 औं शताब्दीको मध्यतिर ट्याप नृत्य सार्वजनिक दृश्यबाट हराएको हुन सक्छ, तर त्यसले कक्षाहरू र पर्वहरूमा थुप्रै समर्थकहरू भेटायो। जबकि ट्यापका कदमहरू केही हदसम्म विधिबद्ध हुन सक्छ र त्यसको शब्दावली स्तर अनुरूप हुन सक्छ, प्रत्येक नयाँ दोभाषेसँग निरन्तर विकसित हुँदै यो सधैं अत्यन्तै व्यक्तित्व व्यक्त गर्ने नृत्य शैली रहेको छ। त्यसैले यो कलाशैली जिमि स्लाइड, Charles "Honi" Coles र जन बबल्सजस्ता कलाकारहरूद्वारा जोगाइएको थियो, यी सबै हलिउड चलचित्रहरू वा ब्रोडवे मञ्चहरूमा देखिएका छन्। अर्को पुस्ताले थुप्रै महिलाहरू समावेश गरेको थियो, जस्तैः Dianne Walker, Brenda Bufalino, Lynn Dally र Jane Goldberg, who, through her organization Word of Foot, सम्मेलन आयोजना गर्नुभयो र शैलीको प्रथाहरूलाई 1980 को दशकको सुरुवातमा र पछि गुञ्जायमान राख्नुभयो।

त्यस लगत्तै अनुयायीहरूको नयाँ पुस्ताले *White Nights* चलचित्रमा अमेरिकी ट्याप कलाकार ग्रेगरि हाइन्सलाई रसियन ब्यालेटको प्रसिद्ध कलाकार मिखाइल बेरिशनिकोभसँग जुधेको हेर्नेगर्थे। उनीहरूको सम्बन्धित नृत्य शैलीहरू आ-आफ्नो राष्ट्रको विशेषताहरूको सूचकको रूपमा देख्न सकिन्थ्यो। हाइन्सले प्रचण्ड शक्ति, कौशल तथा महान् चलचित्र प्रतिभा प्रदर्शन गर्नुहुन्थ्यो। उहाँ जेलिको लास्ट जाम (1992) मा युवा Savion Glover सँग अभिनय गर्नुभयो, जसलाई सदैव थुप्रै व्यक्तिहरूले उत्कृष्ट ट्याप नृत्यकारहरूमध्ये एक मान्छन्। ग्लोभरले सङ्गीतको संरचना र सुरमा जोर दिनुभयो, शास्त्रीय सहित सङ्गीतको व्यापक प्रकारहरूका लागि सदैव जटिल लयहरू तयार गर्नुभयो। 1993 को ब्रोडवे प्रदर्शन Bring in 'Da Noise, Bring in 'Da Funk का उत्कृष्ट नृत्यकलाको लागि उहाँले टोनि अवार्ड जित्नुभयो र अर्को नयाँ पुस्तालाई प्रेरित गर्नुभयो।

US भरि उत्सवहरू आयोजना हुन्छन्, विशेष रूपमा सेन्ट लुइस, सिकागो र बोस्टनजस्ता सहरहरूमा। Tap Extravaganza, जुन 1989 मा सुरु भयो, राष्ट्रिय ट्याप नृत्य दिवस मनाउँछ र एक वार्षिक जीवनकालमा उप्लब्धी पुरस्कार प्राप्त गर्न नृत्यकार छनोट गर्छ। हालचालै केही वर्षमा विविध नयाँ पुस्ताको ट्याप नृत्यकारहरूको उत्थान देखिएको छ, बढ्दो व्यक्तिगत शैलीको हाउभाउ सहित। तिनीहरूमा संलग्न छन् Max Pollack, Roxanne Butterfly, Tamango र Dormeshia Sumbry-Edwards र Jason Samuels Smith, जो ट्याप आदर्श Arthur Duncan सँगसँगै प्रस्तुत हुनुभएको छ, छोटो चलचित्र *Tap Heat* मा।

Michelle Dorrance ले हालैको वर्षहरूमा पाउनुपर्ने ध्यान आकर्षण गर्नुभएको छ, आफ्नो जोशिलो ट्याप कौशलहरूको लागि मात्र नभएर एकल प्रदर्शनहरूका शैलीका साथै आफ्नो कम्पनी डोरान्स डान्स/न्यूयोर्कमा आफ्नो रचनात्मक, प्रयोगात्मक दृष्टिकोणका लागि। उहाँको सृजनशील नृत्यकला, कहिलेकाहीं मोजा साथै ट्याप जुत्ताहरूमा गरेको, सामान्यतया आधुनिक नृत्य प्रस्तुत गर्ने ठाउँहरूमा देख्न सकिन्छ।

व्यापक प्रचलित संस्कृतिमा, ब्रोडवेमा ट्यापको सतत उपस्थिति छ, हालको चलनहरूमा देखेअनुसार जस्तैः *42nd Street* र *Anything Goes* । रिभरडान्सद्वारा नेतृत्व लिइरहेको आइरिस स्टेप नृत्य प्रदर्शनहरू एकदमै लोकप्रिय साबित भएका छन् र स्टेप नृत्य प्रस्तुत गर्ने नाटकीय निर्माणहरू ब्रोडवेभन्दा बाहिर भेटिन्छन्। अनि दुवै शैलीहरू कहिलेकाहीं टि.भि.का केही लोकप्रिय नृत्य तथा प्रतियोगिता प्रदर्शनहरूमा देख्न सकिन्छ। कन्सर्ट नृत्य रंगमञ्चमा लिन ड्यालिको Jazz Tap Ensemble, कम्पनीहरूले राष्ट्र तथा विश्वभरि प्रदर्शन गर्छन्। यो शैलीले दुवै कडा रूपमा निर्देशित नृत्यहरू र अनौपचारिक सांगीतिक क्रियाकलापहरूमा समानता भेटाउने सरल कामचलाउको प्रकार समायोजन गर्न अगाडि बढेको छ।

ज्याज (JAZZ)

ट्याप, ज्याज र हिप-हप नृत्यमध्ये तरिका सम्बन्धमा ज्याज सबैभन्दा विस्तृत शैली हो। सङ्गीतजस्तै जहाँबाट त्यसले आफ्नो नाम लिन्छ, त्यो ताल र गतिको व्यक्तिगत प्रस्तुतीकरणमा भर पर्छ। ज्याज वंशावलीले आफ्नो काण्ड ट्यापसँग जोड्छ, जुन अमेरिकाको इतिहासको सुरुवात्मा सुरु भयो, जब दासहरूले आफ्नो शरीर तथा खुट्टालाई पर्कशन(percussion) बाजाहरूको रूपमा प्रयोग गर्थे किनकि ड्रमहरू क्रान्तिको उपकरणहरूको रूपमा निषेधित थियो। ब्रिटिश टापूहरूको नृत्यसँग अफ्रिकी नृत्यहरू मिस्सियो र नयाँ नृत्य शैलीहरू प्रतियोगिताहरूको माध्यमबाट निस्किए। केही

BAM

अपवादसहित, प्रारम्भका काला जातिहरूलाई प्रदर्शन गर्न अनुमति थिएन, तर अफ्रिकी संस्कृतिको लोकप्रियता 19 औं शताब्दीको अन्ततिर मनोरञ्जन, मिन्स्ट्रेल्सि (minstrelsy) को प्रचलित रूपमा बढ्यो।

20औं शताब्दीको प्रारम्भमा र्यागटाइम र बलरुम अर्केस्ट्रल र ठूला ब्याण्डका सङ्गीतसम्म नृत्यले जनभावनामा रिभ्यू (revue) हरू (Darktown Follies, Ziegfeld Follies), क्लबहरू (Hoofers Club, Cotton Club, Savoy Ballroom), र साङ्गीतिक नाट्यघरद्वारा बलियो आधार प्राप्त गर्यो । 1921 को रिभ्यू सफल अलोंग ( Shuffle Along) ले आफ्नो कोरसमा Josephine Baker लाई समाहित गर्यो, जो जमानाकै सबैभन्दा ठूला कलाकारहरूमध्ये एक बने। Lindy Hop जस्तो सामाजिक नृत्य (पछि गएर जिट्टरबग भनिएको) जनसाधारणको लागि प्राप्त यो नयाँ स्वतन्त्र शैलीको नृत्य एक प्रकारले धेरैजनाको लागि अफ्रिकी सांस्कृतिक प्रभावहरूमा प्रवेश गर्ने तरिका थियो।

ज्याज र ट्याप चलचित्रमा मुख्य रूपमा प्रस्तुत हुन्थे, तिनीहरूको लोकप्रियता फैलाउँदै Bill "Bojangles" Robinson, Fred Astaire & Ginger Rogers र Gene Kelly जस्ता प्रसिद्ध व्यक्तिहरूबाट। ब्रोडवेमा, ब्यालेट र आधुनिकमा काम गर्ने नृत्यकारहरूले प्रदर्शनहरूमा नृत्य निर्देशन गर्न थाले, जस्तैः अग्नेस डे मिले, डोनाल्ड मक्कायल, जर्ज ब्यालनचिन र जेरोम रबिन्स। ज्याजको बलियो चिन्हहरू यी नृत्यकारहरूको क्लासिकल ब्यालेट संग्रहभरि प्रकट भइरहन्थे, जस्तै, प्यारलल रूपहरू र मोडिएको खुट्टा र हातहरू।

रबिनको *West Side Story* दुवै ब्रोडवे (1957) र चलचित्र पर्दा (1961) मा लोकप्रिय थियो; रबिन्स र रोबर्ट वाइजका लागि सबैभन्दा राम्रो चलचित्र र सबैभन्दा राम्रो निर्देशनसहित त्यसले 10 ओस्कारहरू जितायो। 1995 मा न्युयोर्क सिटि ब्यालेटका लागि त्यसका नृत्यहरू वेस्ट साइड स्टोरी सुइटमा संक्षिप्त गराइएको थियो, जसले त्यो प्रदर्शन गरिरहन्छ। 1958 को *New York Export:* सहित कम्पनीसंग आफ्नो संग्रहमा थुप्रै रबिन्सका ब्यालेटहरू छन्। *Opus Jazz*, जसलाई 2005 मा पुनर्जीवित गरिएको थियो। 2010 मा त्यसलाई आलोचकहरूद्वारा प्रशंसित चलचित्रको रूपमा रुपान्तरित गरिएको थियो, न्युयोर्क सिटिभरि विभिन्न स्थानहरूमा खिचिएका नृत्यहरूसहित।

Jack Cole ले थुप्रै चलचित्रहरू विशेष शैलीमा नृत्य निर्देशन गरे, जसले आफ्नो गहन रूपमा मोडिएको घुँडाहरू, लंगडो "छाउरो" जस्तो हातहरू र कम्पास प्वाइन्ट हातको चालहरूद्वारा आनन्द दिन्थ्यो। त्यसले आफ्नो विचारहरू बब फससँग बाँड्यो, जसले नाटकीय विवरणहरू थप्यो– कामोत्तेजक काँध र नितम्बको हावभावहरू र बोलर टोपी र छडी। म्याट म्याटोक्स, कोलको नृत्यकारहरूमध्ये एक, जो थुप्रै चलचित्रहरूमा प्रस्तुत भएका थिए, ब्यालेट क्लासको संरचना अनुसार ज्याज क्लास बनाउनुभयो र उहाँ त्यो शैलीको एकदम सम्मानित र प्रभावशाली शिक्षक तथा प्रस्तावक बन्नुभयो।

आधुनिक नृत्यको वृद्धि ज्याजको केही गीतको लयहरूसँगै समन्वित थियो। Alvin Ailey ले पढ्नुभयो र त्यसपछि Lester Horton, एक प्रख्यात शिक्षक तथा नृत्यनिर्देशकसँग प्रदर्शन गर्नुभयो, 1958 मा आफ्नै कम्पनी स्थापना गर्नुभन्दा पहिले। ऐलिले ज्याजका केही औपचारिक तत्वहरूलाई ब्यालेट, अफ्रिकी र आधुनिकसँग मिसाउनुभयो, अहिले आफ्नो अन्तराष्ट्रिय रूपमा प्रसिद्ध कम्पनीको चिन्ह *Revelations* हो, त्यसको लागि संग्रह बनाउन।

त्यो समयमा, ज्याज् स्टुडिओ तथा शिक्षा बढ्दो क्रममा थियो। न्यूयोर्कमा आधारित Luigi, जसले जीवनकालको उपलब्धीको लागि 2013 बेसि अवार्ड पाउनुभयो, गम्भीर दुर्घटनाको लागि चिकित्सीय प्रतिक्रियाको रूपमा आंशिक रूपमा विकसित उहाँको सहज, लयबद्ध शैली थियो; त्यो शैलीले मञ्चमा बलियो पकड राख्न नसके पनि उहाँको कक्षाहरूले ठूलो भीडहरूलाई आकर्षित गर्थ्यो। ब्रोडवेमा टाइम्स स्क्वायरको ठीक उत्तरतर्फ अवस्थित फिल ब्ल्याकको स्टूडियो ज्याजका विद्यार्थीहरूका लागि मनोरञ्जनात्मक स्थान थियो। Gus Giordano, जुन सिकागोमा छ, ज्याज शैलीको लागि बलियो समर्थक थिए, एन्थोलोजी अफ अमेरिकी ज्याज डान्स लेखेर र ज्याज डान्स वर्ल्ड कङ्ग्रेस आयोजन गरेर। 1983 मा न्यूयोर्कमा लिन साइमनसनले डान्स स्पेस सेन्टर सह-स्थापना गर्नुभयो, जहाँ उहाँको ज्याजको सहज रूपमा बहने, प्रेरक शैली लोकप्रिय भयो (त्यो केन्द्र डान्स न्यू एमस्टरडेमको रूपमा विकसित भयो, जुन हालचालै बन्द भयो)।

Twyla Tharp's को सङ्कलन यति विविध र गहिरो छ कि उहाँले जुड्सन चर्च (Judson Church) को समय दौरान अनुयायी वर्ग हासिल गर्नुभएको भए पनि, यसले आफूलाई वर्गीकरणबाट बचाएको छ। उहाँका केही नृत्यहरूलाई, कम्मर घुमाउने, बिटनिक लौचे प्रवृत्ति र चञ्चल साङ्गीतिक सन्धि भएको ज्याजिको रूपमा वर्णन गर्न सकिन्छ। उहाँले ओपेरा-गृहहरूको लागि भव्य व्यालेटरू, अधिक रूपमा लोकप्रिय ब्रोडवे सङ्गीतहरू, जस्तैः *Movin' Out* को रचना पनि गर्नुभएको ।

लौ कन्टे (Lou Conte) ले 1997 मा Hubbard Street Dance Chicago को स्थापना गर्नुभयो; यस कम्पनी ज्याज प्रवृत्ति र बलियो शैली भएको आधुनिक सङ्कलनको प्रदर्शन गर्ने एउटा सम्मानित शक्ति बन्न पुग्यो। कोन्टेको प्रारम्भिक नृत्य निर्देशन योगदानहरूमा आधारित रहेर र हालका कलात्मक निर्देशक ग्लेन एड्गर्टन (Glenn Edgerton) अन्तर्गत विकसित हुँदै, HSDC सँग हाल प्रमुख अन्तर्राष्ट्रिय नृत्य रचनाकारहरूबाट प्राप्त भएको विविध सङ्कलन छ, जसको कारणले गर्दा यसले ब्यालेटदेखि गागासम्मका विविध विधाहरू समावेश गर्न आफ्नो चौडाइ बढाएको छ।

ब्रोडवे लिन टेलर-कोर्बेट (Lynne Taylor-Corbett), रब मार्शाल (Rob Marshall), ग्रेसिएला डेनिएला

BAM

(Graciela Daniele) र सुजान स्ट्रोम्यान (Susan Stroman) द्वारा गरिएका साङ्गीतिक थिएटर ज्याजको एउटा प्रमुख सङ्ग्रहकर्ताको रूपमा रहँदै आएको छ र ती कलाकारहरूमध्ये धेरैले नृत्य गर्नुको साथसाथै निर्देशन पनि गर्छन्। धेरै आधुनिक नृत्य-निर्देशकहरू, जस्तैः लार लुबोभिच (Lar Lubovitch) र Trey McIntyre, उनीहरूले आफ्ना केही सङ्कलनमा ज्याजि तत्वहरू सम्मिलित गर्छन्। माइकल ज्याक्सन उहाँको बाल्यकालदेखि नै एउटा पप कलाकार थिए, तर जब MTV ले अन्त्यमा उहाँको भिडियोहरू देखाउन स्वीकार गर्यो (तिनीहरूले पहिले काला कलाकारहरूलाई देखाउँदैनथे), शैली लोकप्रिय हुन थाल्यो। उहाँको एकदमै लोकप्रिय साङ्गीतिक भिडियोहरू "Beat It," "Billie Jean," र "Thriller", केही हदसम्म बब फोसे (Bob Fosse) र अन्य ज्याज कलाकारहरूको सहमतिमा गरिएको उहाँको आकर्षक नृत्यको कारणले गर्दा सफल भएका थिए।

"आधिनिक" धेरैजसो ब्रोडवे साङ्गीतिक थिएटर र थप व्यापारिक उद्यमहरूमा देखिने नृत्यलाई परिभाषित गर्न प्रयोग गरिन्छ। साथसाथै, आधुनिक-पश्चात, ब्यालेटद्वारा प्रभावित र थप वैचारिक नृत्य-निर्देशनसहित Judson Movement पछि आधुनिक नृत्य शैलीहरूमा यस शब्दावलीको फराकिलो प्रयो हुन सक्छ। हालमा, *So You Think You Can Dance*, जस्ता टेलिभिजन रियालिटि कार्यक्रमहरूमा नृत्यको बढ्दो क्रमसँगै आधुनिक नृत्य ज्याजको एउटा नयाँ सह-विधा बनेको छ, जुन धेरै न्यूयोर्क स्टुडियोहरूमा सिकाइन्छ। सामान्य रूपमा परिभाषा दिँदा यो आधुनिक, ब्यालेट र ज्याज शैलीहरूको मिश्रण हुन सक्छ—लयबद्ध, प्राविधिक रूपमा चुनौतीपूर्ण, ठूलो छलाङ्गहरू र धेरै चक्करका चालहरू भएको र नाटकीय भावद्वारा प्रभावित, जसलाई Mia Michaels जस्ता नृत्य-निर्देशकहरूले गर्छन्। उचित रूपमा, आधुनिक भन्ने शब्दलाई यसको हदसम्म फैलाइएको हुनाले हरदम विस्तारित हुँदै गरेको कला शैलीलाई प्रतिबिम्बित गर्नको लागि शब्दकोषलाई विस्तारित गर्नु उपयोगी हुने थियो।

ज्याज नृत्य-निर्देशकहरूको लागि ब्रोडवे तिनीहरूको अड्डाको रूपमा रहँदै आएको छ, तर अन्य विधाहरूमा ख्याति प्राप्त धेरै रचनाकारहरूले हालैमा उच्च सफलता हासिल गरेका छन्—Bill T. Jones, जसको उदय 80 को दशकमा उत्तर आधुनिक नृत्य-निर्देशकको रूपमा भएको थियो र कारोल आर्मिटेज (Karole Armitage), जो उहाँको punk ballet को लागि प्रसिद्ध हुनुहुन्थ्यो। यो, ती मध्यर दुई हुन्। यी सबै कलाकारहरूको साझा चाहना लयवध्द सङ्गीतमा वा यसको मेलमा नृत्य गरेर सम्बन्ध बनाउनु र मनोरञ्जन प्रदान गर्नु हो।

हिप-हप (HIP-HOP)

हिप-हप नृत्यको उदय बृहत् चालको एउटा अंशको रूपमा भयो, जसले चारवटा तत्वहरूलाई सम्मिलित गरेको छ: डिजेयिङ (deejaying), एमसिइङ (emceeing), ब्रेक डान्सिङ (break dancing) र ग्राफिटि (graffiti)। यसले 1970 को दशकमा ब्रोन्क्स (Bronx) मा आफ्नो जड जमाएको थियो, जुन समयमा DJ Kool Herc ले केही टर्नटेबलहरू र एउटा मिक्सरको प्रयोग गरेर झन्कारमा ब्रेकहरू निकाल्नुभयो र यी नमूना पर्कसन (percussion) वृत्तखण्डहरूलाई लामो पुनरुक्ति अवधिको लागि दोहोर्याउनुभयो। यी ब्रेकहरूको साथमा चल्नको लागि नृत्यकारहरूले निश्चित चालहरूको विकास गरे र बि-बोइज (b-boys) र बि-गर्लज (b-girls) को रूपमा परिचित हुन पुगे, जसमा बि भनेको ब्रेक हो।

नृत्य पार्टिहरू यति लोकप्रिय भए कि तिनीहरू अन्ततः बाहिर पार्कहरूमा सरे, ती पार्टीहरूमा कुल हर्क (Kool Herc) को प्रोत्साहन र मौखिक सन्देशहरू र अनुप्रासहरू नृत्यकारहरू र पार्टीमा जानेहरूको लागि र्यापिङ्ग (rapping) को सुरुवातको लागि आधारभूत थिए र यो एम्सिहरूको रूपमा विकसित भयो, जसले अनौठा शैलीहरू र विषय वस्तुहरूको विकास गर्यो। पाठहरूले प्राय: नागरिक अधिकार आन्दोलनबाट उत्पन्न भएका राजनैतिक विचारहरू वा निरासाहरू व्यक्त गर्छन्। पछि, कलाकारहरूले सङ्गीत उद्योगमा लाभकर सफलता पाएबाट उत्पन्न भएको जीवनशैली विकल्पहरूलाई प्रतिबिम्बित गर्न र्यापलाई स्वतन्त्रताका साथ व्यक्तिगत बनाए।

DJ Afrika Bambaataa ले "हिप-हप" शब्दको रचना गर्नुभयो, जसको उदय 70 को दशकबाट भएको थियो, जुन समयमा न्यूयोर्क सिटि र विशेषगरी ब्रन्क्स (Bronx) अपराधले पूर्ण थियो र जीर्ण थियो। ब्रन्क्स युद्ध क्षेत्रजस्तो देखिन्थ्यो, जुन, लागू पदार्थहरू र गिरोहहरूले गर्दा लगभग त्यस्तै नै भएको थियो। तर अराजकताको केही निश्चित मानसिकता बिना र मध्यम र व्यवसायी वर्गको मानिसहरूद्वारा नगरको त्यागबिना, ती बिजहरू जुन पछि गएर हिप-हप बने, तिनीहरूले सायद उर्वर स्थल नपाउने थिए होलान्। हिप-हपको विभिन्न विधाहरूमा, कुनै पनि बाहिर निस्कने स्थान नभएका ती व्याकुल युवाहरूले अर्थपूर्ण निकास र साम्प्रदायिक उद्देश्य पाए। जुन कुरा हिंसाबाट जाहिर गरिन्थ्यो, त्यो धेरैजसो, कलाकारहरूको बीचमा प्रतिस्पर्धा बन्यो, यद्यपि सङ्गीत क्षेत्रमा बर्बर हिंसा भइरहन्थ्यो।

Graffiti ले भूमिगत मार्गका गाडीहरूको भित्री र बाहिरी भागहरू ढाकेको हुन्थ्यो र कसको प्रभुत्व बढी छ भन्ने कुरा हेर्नको लागि ट्यागर (tagger) हरूले एक-आपसमा प्रतिस्पर्धा गर्थे। तिनीहरुले व्यक्तिगत शैलीहरूको विकास गरे, जुन टाढाबाट तत्काल पहिचान गर्न सकिन्थ्यो र जसले ठूला, सन्की, रङ्गीबिरङ्गी लिपि र विशेष कार्टुन चित्रकारी वा ग्राफिक्स देखाउँथ्यो। यसले सडकहरूमा गिरोहहरूले गर्ने लडाइँलाई प्रतिबिम्बित गर्थ्यो तर ग्राफिटि सम्पत्तीको क्षति भए पनि यो धेरै कम रक्ताम्य तरिकाले हुन्थ्यो। तर केही हदसम्म अगाडिको सोच्ने Fashion Moda नामक ब्रोन्क्स (Bronx) ग्यालरीको कारणले गर्दा ग्राफिटि भूमिगत मार्गको गाडीहरूबाट

अगाडि बढेर ग्यालरीको भित्ताहरूमा पुग्यो। धेरै व्यवसायीहरू जस्तै Futura 2000, Keith Haring र Dondi, तिनीहरूको आफ्नै योग्यताको कारणले गर्दा प्रख्यात बन्न पुगे। सडकमा गरिने लडाइँहरूको दृश्य प्रदर्शनदेखि अन्तर्राष्ट्रिय रूपमा ठूलो राशिको रकमको लागि कारोबार गरिने वस्तुसम्मको यस स्थानान्तर, हिप-हपको सबैभन्दा लोकप्रिय शैलीहरू, विशेष रूपमा सङ्गीतमा गुञ्जने थियो।

आक्रामक, पूनरावर्ती तालहरु डिजेहरूद्वारा प्ले गरिएका तालहरू आफ्ना उत्कृष्ट चालहरुले भीडहरुलाई प्रभावित गर्न प्रस्तुत गर्ने वा कोसिस गर्ने, बी-गर्ल्स र केटाहरूबीच तल्ला नृत्य प्रतियोगिताहरूमा गर्न अनुकूल थियो। शैली सिधै टप रकिङ, बेसिक क्रस-एण्ड-हप स्टेपबाट सुरु हुन्छ, जसमा चालको उपस्थिति हुन्छ, तर वास्तवमा, सर्कल (वा सिफर) आदेशका चुस्त सीमाहरूको एक स्थान रहन्छ। चालहरू भइरहेका छन् भन्ने जस्तो बनाउनका लागि रचनात्मकता अपनाउन हिप-हप नृत्यकारहरूलाई अनिवार्यरूपमा स्थिर बनाइरहन आवश्यक पर्छ। उनीहरू अतिशयोक्तिपूर्ण स्पर्शहरू र स्थिर मुद्राहरूसँगै पपिङ तथा लकिङ (वा स्मर्फिङ) र रोबोटिक चालहरू थप्छन्। एउटा प्रारम्भिक र प्रख्यात समूह Rock Steady Crew थियो, जसको स्थापना 1977 मा भएको थियो।

शब्दावलीले बडीलाई समाविष्ट फ्लोरवर्कमा विस्थापित गर्छ, कहिलेकाहीँ फुटमुभ्स वा फ्लोर रकिङ, फिचरिङ फ्रिजेज (खुट्टामाथि सहित हात र पाखुराद्वारा समर्थित स्थिर मुद्रा) र स्पिन्स भनिन्छ। स्पिनिङ गति र परिक्रमाहरू बढाउँदै, साधारण घुमाइहरू (पेन्सिल्स) सँगै टाउकोबाट सुरु हुन्छ। अन्ततः आफ्नो पीठ्युलाई उल्टा-तल कछुवाजस्तै धुरी बनाएर, चक्कर आउने प्रभावमा थुप्रै पल्ट घुमाएर, वा खुट्टाहरू हावाको माध्यबाट स्लाइस हुनेगरी प्रभावशाली वाइन्ड्स मिल बनाएर, नृत्यकारहरू आफ्नो पछिल्लो अन्तमा घुम्ने गर्दछन्। नृत्यका अन्य विधिहरूले, ट्याप तथा कोपेरिया, कलाकारहरुले समान रूपमा सबै अंगहरू प्रयोग गर्ने तथा राइटसाइड अपभन्दा अपसाइड-डाउन हुने मार्शल आर्टबाट उत्पन्न भएको ब्राजिलियन विधि सहितका विधाहरूलाई प्रभाव पारेका छन्। लस एन्जलमा रहेको, दि वेस्ट कोआस्ट कन्टिन्जेन्टले, पपिङ, स्ट्रटिङ, र क्रम्पिङ जस्ता त्यसका आफ्नै पृथक शैलीहरुको विकास गरेको छ।

अधिकांश भागको लागि उक्त नृत्य परम्परागत नाचघरमा सामन्यतया देखिएको थिएन, जहाँ आधुनिक नृत्य, ब्यालेट र ट्याप प्रदर्शनहरूहरू प्रस्तुत गरिन्थे। हिप-हप नृत्यका विवधताहरू 1980 को दशकमा शुरु भएका केही वृहत प्लेटफर्महरूमा देखिन थाले। माइकल ज्याक्सन (Michael Jackson) को style, जुन MTV मा देखाइएको उहाँको साङ्गीतिक भिडियो मार्फत उच्च रूपमा लोकप्रिय भएको थियो, त्यो थप मात्रामा ज्याजमा आधारित थियो, तर यसले अन्य काला कलाकारहरूको लागि बाटो देखाइदियो र सूक्ष्म समक्रमणको आवश्यकता पर्ने जटिल, नाटकीय कार्यहरूको प्रदर्शन गर्ने उहाँका सामूहिक नृत्यहरू आजका केही हिप-हप समूहहरूको लागि अग्रगामी थिए। अहिले उत्सवहरू र competitions विश्वभरिबाट कलाकारहरूलाई आकर्षित गर्छ।

हिपहपको एउटा व्यापक रूपमा हेरिएको व्यावसायिक संस्करण 1990 को दशकको स्केच र विविध टिभि कार्यक्रम *In Living Color* मा देखिएको थियो। कार्यक्रमले "फ्लाइ नृत्यकारहरू" को नियमित समूहलाई नियोजित गर्थ्यो, जसले फुर्तिला नृत्य अनुक्रमहरूको प्रदर्शन गर्थे र यसमा जेनिफर लोपेजजस्ता भविष्यका प्रसिद्ध कलाकारहरू सम्मिलित थिए। नृत्य निर्देशन अत्यन्त विविध भए पनि र समय-समयमा ज्याज वा आधुनिकमा गएपनि कार्यक्रमहरूले प्रायः आँटिलो शारीरिक बल, हपिङ फुटवर्क र हिप-हप जस्तै एकै स्थानमा रहने मिश्रणहरू देखाउँथ्यो। पप सङ्गीतकारहरूले यस्तै खालका नृत्यहरूलाई एरिना कन्सर्टहरूमा नियमित आकर्षणहरूको रूपमा शामिल गर्न सुरु गरे। 90 को दशकमा, आधुनिक नृत्य कम्पनीहरूको शैलीहरूको नजिक रहेर मण्डलीहरू बने। 1992 मा फिलाडेल्फिया, पेन्सिल्भेनियामा स्थापना गरिएको Rennie Harris Puremovement ले थिएटर वातावरणमा तेज चालहरू र ठूला एथलेटिक चालहरूलाई प्रधानता दिन्थ्यो। हालका वर्षहरूमा ह्यारिस (Harris) लाई एल्भिन ईलि अमेरिकी डान्स थिएटर (Alvin Ailey American Dance Theater) ले नियुक्त गरेको छ, जसले हिप-हपलाई एउटा सबैभन्दा सम्मानित आधुनिक नृत्य सङ्कलनहरूमा ल्याएको छ। फिलाडेल्फियामा नै रहेको Illstyle and Peace Productions ले नयाँ र पुराना शैलीका हिप-हपलाई ट्याप, ब्यालेट, डिजेइङ्ग (DJing) र जोशपूर्ण भावहरूको साथमा प्रदर्शनहरूमा बिटबक्स गर्नेजस्ता अन्य शैलीहरूसँग मिलाउँछ। Ana "Rokafella" Garcia ले प्राथमिक रूपमा पुरुषको वर्चस्व रहेको यस जगतमा अतिक्रमण गर्नुभयो र प्रदर्शनहरूमा कट्टर अनुरागीहरू हासिल गर्दै जानुभयो; उहाँले हालैमा *ALL THE LADIES SAY* नामक एउटा फिल्म बनाउनुभएको थियो, जुन छ जना महिला ब्रेकरहरूको बारेमा थियो।

फिल्म, *Planet B-Boy*,ले प्रस्तुत गरेजस्तै हिप-हप एउटा विश्वव्यापी तथ्य बनेको छ। Compagnie Kafig, 1996 मा स्थापित एउटा फ्रेन्च कम्पनी, परम्परागत नाचघरहरूमा हिप-हपको एउटा प्रमुख समर्थक थियो र नृत्यको चालहरूलाई नाटकीय शृङ्गारहरूको सहायतामा नाटकीय विषय वस्तु अन्तर्गत शामिल गर्यो। यस क्षेत्रमा व्यक्तिहरूले पनि आफूलाई प्रख्यात बनाएका छन्। एउटा प्रदर्शन कलाकार डेनि होच (Danny Hoch), जसले आफूलाई न्यूयोर्क सिटीको व्यापारिक क्षेत्रमा स्थापित गर्नुभयो, उहाँले एउटा हिप-हप नृत्य थिएटर उत्सवको आयोजना गर्नुभएको छ। Bill Shannon बैसाखीको साथमा नाच्नुहुन्छ, जसले हिप-हपमा एउटा नयाँ आयाम थपेको छ। र ब्राजिलबाट आउनुभएका Grupo de Rua ले उहाँका धारणात्मक रूपमा महत्वाकांक्षी र परिष्कृत प्रस्तुतिहरूमा सडकको आचरणलाई कायम राख्दछ। र यसलाई टिभिमा *America's Best Dance*

BAM

*Crew* र पूर्णतया व्यापारिक रूपहरू *So You Think You Can Dance* जस्ता प्रतिस्पर्धा कार्यक्रमहरूमा देख्न सकिन्छ।

हिप-हप, यसका सबै प्रदर्शनहरूमा दुई मनहरू विकसित हुन्छन् तथा मुख्य तर्क वितर्कहरू उत्तेजित गर्न जारी राख्छन्। यसको सङ्गीत र र्याप एकपटक अधिक रूपमा आकर्षक व्यवसायमा विकसित गरिएका छन्, जहाँ थुप्रै कलाकारहरूले भौतिकवादको राम्रो वा नराम्रो प्रतिकको लागि आफ्नो सफलताको ऐना आफूसँगै राखेका हुन्छन्। यसको मूलहरूका अहिले सम्म समर्थकहरू रहेका छन्, जसले नागरिक अधिकारहरू र अफ्रिकी-अमेरिकीहरूको राज्यलाई केन्द्रित गर्छ। भित्तेचित्रको तरंगले धेरै समय पहिले उचाइ लिएको थियो, तर अरूअरू अपरिचित भएको बेलामा केही कलाकारहरू मजबुत रूपमा लाभान्वित हुँदा यो एउटा प्रमुख तेजीको अवस्था (boom) को माध्यबाट गयो।

यसको विपरीत, सङ्गीत र र्यापले गर्न सक्ने तरिकाले हिप-हप नृत्यसँग आफ्ना कौशलहरू वरद्धि गर्न एकदमै थोरै अवसरहरू थिए। सम्भावना छ कि यसलाई एउटा थप शुद्ध राज्यमा छोडिएको छ, यसले धन ल्याउन सक्छ कि भन्ने प्रलोभनमा अप्रभावित छ। र सडक र क्लबदेखि अग्रमञ्च नाचघरसम्म यसको प्रसारणको सफलता अझै विवादास्पद छ। तर पनि यसलाई मानिसहरूको माझमा प्रदर्शन गरिने कार्य जारी छ– subway मा, टाइम्स स्क्वेयरमा, जहाँ यसले आफ्नो साथमा रहेको दृढ आकर्षणलाई कायम राख्छ, नाचघरहरूमा, प्रतिस्पर्धाहरूमा र क्लबहरूमा।

कलाकारहरूले अन्य शैलीहरू र संस्कृतिहरूसँग सहकार्य गरिरहँदा, हिप-हपमा परिवर्तन आउने कार्य जारी छ। Lil Buck, जो एकताका सडक नृत्यकार थिए, उहाँले आफ्नै प्रकारको मेम्फिस जोकिन् (Memphis jookin') देखाउनुहुन्छ, जुन एउटा हालको शैली हो, जसलाई ब्यालेट र प्राचीन सङ्गीत सहितका अन्य अनपेक्षित क्षेत्रहरूले सम्मिलित गरेको छ। कपडाको जुत्ता लगाएर उहाँले गर्नुहुने स्पष्ट हात र खुट्टाको औँलाको घुमाइहरूले हिप-हपलाई जगाउँछ, तर उहाँको *Swan Lake* ले दर्शाएजस्तै, संरचनालाई समस्त माध्यम लाइनमा भन्दा ठूला लाइनहरूको श्रृङ्खलामा कम स्थिर बनाइएको हुन्छ। उहाँको हालैको शानदार लोकप्रियता र व्यापक पहुँच– collaborating with cellist Yo-Yo Ma–ले नृत्य कति छिटो विकसित हुन्छ भन्ने कुरा देखाउँछ।

सन्दर्भहरू


च्याङ्ग (Chang), जेफ (Jeff)। Can't Stop Won't Stop. St. Martin's Press, न्यूयोर्क, 2005.

Chang, Jeff. *Can't Stop Won't Stop*. St. Martin's Press, New York, 2005.

http://www.daveyd.com/historyphysicalgrafittifabel.html

गिअरडेन, Gus (author/editor), *Anthology of American Jazz Dance*. Evanston, IL: ओरियन पब्लिसिङ हाउस, 1978.

Giordano, Gus (author/editor), *Anthology of American Jazz Dance.* Evanston, IL: Orion Publishing House, 1978.

मलोन (Malone), ज्याक्वी (Jacqui)। *Steppin' on the Blues*. अर्बाना र सिकागो: यूनिभर्सिटी अफ इलिनोइस प्रेस, 1996.

Malone, Jacqui. *Steppin' on the Blues.* Urbana and Chicago: University of Illinois Press, 1996.

सोमर, Sally R. "Tap Dance," in *International Encyclopedia of Dance*, भोल्यूम 6, ed. Selma Jeanne Cohen. न्यूयोर्क: अक्सफोर्ड यूनिभर्सिटी प्रेस, 1998, pgs. 95-104.

Sommer, Sally R. "Tap Dance," in *International Encyclopedia of Dance*, Vol. 6, ed. Selma Jeanne Cohen. New York: Oxford University Press, 1998, pgs. 95-104.

Stearns, Marshall & Jean. *Jazz Dance: The Story of American Vernacular Dance.* New York: Da Capo, 1994.

भालिस हिल, कन्सटेन्स। ट्याप डान्सिङ अमेरिका (*Tap Dancing America*): सांस्कृतिक इतिहास। न्यूयोर्क: अक्सफोर्ड यूनिभर्सिटी प्रेस, 2010।

Valis Hill, Constance. *Tap Dancing America: A Cultural History*. New York: Oxford University Press, 2010.